**गढवा गाउँपालिका**

**देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**स्थानीय सरकारद्वारा प्रकाशित**

**खण्ड : ४ फाल्गुन २९ गते, २०७७ साल, संख्या : ७**

# भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गढवा गाउँपालिकाको लेखा समिति कार्य सञ्चालन नियमावली, २०७७

**प्रस्तावना**
गढवा गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने हेतु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २२ बमोजिम गठित लेखा समितिको काम, कर्तब्य, अधिकार र कार्यप्रणालीलाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले गढवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा ३(१) बमोजिम आठौं गाउँसभाबाट यो नियमावली बनाई लागू गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**<u>१. संक्षिप्त नाम र प्रारम्भ :</u>**

(१) यस नियमावलीको नाम लेखा समिति कार्य सञ्चालन नियमावली, २०७७ रहेको छ ।
(२) यो नियमावली गढवा गाउँपालिकाको गाउँसभाबाट पारीत भै स्थानीय राजपत्रमा प्रकासन गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा**

(क)"गाउँपालिका" भन्नाले गढवा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७७ लाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले गढवा गाउँपालिकाको कार्यालय र ८ वटा वडा कार्यालयहरु सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले गढवा गाउँपालिकाको लेखा समितिलाई जनाउँछ ।

(ङ) "अध्यक्ष" भन्नाले गढवा गाउँकार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "उपाध्यक्ष" भन्नाले गढवा गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीयअधिकृत" भन्नाले गढवा गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले गढवा गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "गाउँसभा" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा १ बमोजिमको गढवा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ञ) "पदाधिकारी" भन्नाले गढवा गाउँकार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु र कार्यपालिकाका अन्य सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ट) "योजना" भन्नाले आयोजना वा कार्यक्रम समेतलाई जनाउँछ ।

(ठ) "वडा" भन्नाले गढवा गाउँपालिकाका ८ वटा वडाहरु सम्झनु पर्दछ ।

(ड) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा ४ बमाजिमको वडासमिति सम्झनु पर्दछ ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ण) "गाउँपालिकाको शाखा, उपशाखा, इकाई" भन्नाले गाउँपालिकाको संगठनात्मक स्वरुप अनुरुप स्थापना गरिएका शाखाहरु, उपशाखाहरु र इकाईहरुलाई सम्झनु पर्दछ ।

(त) "राजस्व" भन्नाले गाउँपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल वा सो बापतको जरिवानालाई जनाउँछ । सो शब्दले जनसहभागिता बापतको रकम, सरकारी तथा अन्य निकायको ऋण वा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ ।

(थ) "वार्षिक बजेट" भन्नाले गाउँपालिकाको निःशर्त, सःशर्त, वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक आय समेतलाई सम्झनु पर्दछ ।

(द) "वार्षिक बजेट तथा कार्यक्रम" भन्नाले कार्यक्रमका शीर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनु पर्दछ ।

(ध) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याईएको वा ठहऱ्याएको कारोबार सम्झनु पर्दछ ।

(न) "आर्थिक अनियमितता" भन्नाले प्रचलित आर्थिक ऐन नियम अनुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ ।

(प) "लेखा" भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने प्रारम्भिक प्रविष्टीको गोश्वारा भौचर तथा सो आधारमा तयार गरिने अभिलेख, खाता, किताब आदि र सो कारोवारलाई प्रमाणित वा सम्पुष्टि गर्ने प्रमाण कागजात र सो को आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन सम्झनु पर्दछ र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ ।

(फ) "लेखापरीक्षण" भन्नाले कार्यालयको उद्देश्य अनुरुपका कार्यसम्पादनसँग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित

कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्यांकन गरी प्रतिवेदन गर्ने  कार्य सम्झनु पर्दछ ।

(ब) "सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रियासाथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्बन्धी कार्यलाई सम्झनु पर्दछ र सो शब्दले गाउँसभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फछ्र्यौटलाई समेत जनाउँछ ।

(भ) "संयोजक" भन्नाले गढवा गाउँपालिकाको लेखा समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(म) "सदस्य" भन्नाले गढवा गाउँपालिकाको लेखा समितिको सदस्यलाई सम्झनु पर्नेछ ।

(य) "स्थानीय सरकार" भन्नाले गढवा गाउँपालिकालाई सम्झनु पर्दछ । यो शव्दले गाउँकार्यपालिकालाई समेत जनाउँछ ।

(र) "मातहतका निकाय" भन्नाले स्थानीय सरकारका विषयगत शाखा उपशाखा वडा कार्यालय लगायतका विषयगत शाखाहरु समेतलाई जनाउँछ ।

(ल) "बैठक" भन्नाले समितिले औपचारिक रुपमा आयोजना गर्ने कुनै पनि बैठकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ :
## लेखा समिति

### ३. लेखा समिति गठन :-

१. गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तीय सुशासन कायम गराउने प्रमुख उद्देश्य हेतु गाउँसभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिएको छ ।

| | |
|---|---|
| (क) गाउँसभाका सदस्यका रुपमा रहेका सदस्यहरु मध्येबाट १ जना | संयोजक |
| (ख) गाउँकार्यपालिकाको कार्यालय, योजना शाखा प्रमुख | सदस्य |
| (ग) गाउँकार्यपालिकाको कार्यालय, पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (घ) गाउँकार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

२. गाउँकार्यपालिकाको कार्यालय, आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवको रुपमा काम गर्नेछन् । कुनै कारणले रिक्तताको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको कुनै कर्मचारीले सचिवको रुपमा काम गर्नेछन् ।

३. समितिको बैठकमा समितिका संयोजकले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकतानुसार गाउँपालिकाका विषयगत समितिका प्रमुख र गाउँपालिका कार्यालयका शाखा प्रमुखहरु र सम्बन्धीत विषयमा विज्ञता हासिल गरेका विषय विज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

४. समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । तर गाउँसभाले परिवर्तन गर्न आवश्यक नठानेमा समितिले निरन्तरता पाउनेछ ।

## परिच्छेद ३
## लेखा समितिको काम कर्तव्य र अधिकार

**४. लेखा समितिको काम कर्तव्य र अधिकार :-**नियम ३ बमोजिम गठित लेखा समितिले देहायका विषयमा अध्ययन गरी कार्यपालिकालाई राय, सुझाव र गाउँसभा समक्ष प्रतिवेदन पेश गर्नेछ । लेखा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम रहेका छन् ।

**(क) कार्यपालिकालाई राय सुझाव दिन विषयहरु :**

१. वार्षिक बजेटले अनुमान गरे बमोजिमको स्रोत परिचालन तथा राजस्व लक्ष्य बमोजिम चौमासिक प्रगति भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तीका विषयमा आवश्यक सल्लाह सुझाव दिने ।
२. वार्षिक बजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम सञ्चालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनुपर्ने रणनीतिका सम्बन्धमा सुझाव दिने ।
३. कार्यपालिकाबाट गाउँपालिकाको राजस्व तथा स्रोत परिचालन सम्बन्धमा भए गरेका निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनुपर्ने भएमा सुझाव दिने ।
४. पेश्की, पेश्की बेरुजु, नियमित गर्ने बेरुजु, असुल गर्ने बेरुजुको अवस्था विश्लेषण गर्दै सोको फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाव प्रदान गर्ने ।
५. गाउँपालिकाका बिभिन्न वडा कार्यालयहरु र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान गर्ने ।
६. वित्तीय सुशासन कायम गराउने सम्बन्धमा कार्यपालिकाले सुझाव मागेको विषयमा आवश्यक परामर्श दिने ।

**(ख) गाउँसभा समक्ष प्रतिवेदन पेश गर्ने विषयहरु :**

१. गाउँसभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिम काम भए वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझावहरु समेत सभामा पेश गर्नुपर्नेछ ।
२. गाउँसभाबाट स्वीकृत अनुमानित स्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।
३. गाउँपालिकाले तयार पारेका वार्षिक बजेटमा उल्लेखित कार्यक्रमहरु संचालन भए वा नभएको अध्ययन गर्ने ।
४. लेखापरीक्षणबाट औंल्याईएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फछ्र्यौट गर्न आवश्यक काम कार्यबाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने ।
५. समितिले कार्यपालिकालाई दिएका सुझावहरु र सोको कार्यान्वयन अवस्थाका बारेमा जानकारी राख्ने ।
६. प्रतिवेदन तयार पार्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात गाउँपालिकामा रहेका सबै शाखा, उपशाखा, वडा कार्यालयहरु तथा मातहतमा रहेका सबै निकायले उपलब्ध गराउनु पर्नेछ ।

**५.लेखा समितिको बैठक र सुविधा सम्बन्धी व्यवस्था :**

१. समितिको बैठक कम्तिमा प्रत्येक एक महिनामा एक पटकको दरले र आवश्यक्ता अनुसार थप बैठक बस्न सक्नेछ ।
२. समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ, ।
३. लेखा समितिको बैठकमा सहभागी भए बापत लेखा समितिका सदस्यहरु र आमन्त्रित पदाधिकारीहरुले कार्यपालिकाका सदस्यहरुले पाए सरह कानूनमा व्यवस्था भए बमोजिमको बैठक भत्ता पाउने छन् ।
४. लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई गाउँसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउन सक्नेछन् ।

## परिच्छेद ४
## लेखा समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचरणहरु

**६.लेखा समितिका संयोजक र सदस्यहरुले पालना गर्नुपर्ने सामान्य आचरणहरु :**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का मान्य सिद्धान्त विपरीत सार्वजनिक वक्तब्य दिन नपाईने ।
२. स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरीत हुनेगरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।
३. गाउँबासीप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्न नहुने ।
४. गाउँपालिका र साझेदार संघसंस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तब्य प्रकासन वा प्रसारण गर्न वा गराउन हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमुलक कुनै लेख, रचना प्रकासन गर्न रोक लगाएको मानिने छैन ।
५. गाउँपालिकाका साधन स्रोतको दुरुपयोग गर्न नहुने ।
६. प्रचलित ऐन नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने ।
७. राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने ब्यवहार गर्न नहुने ।
८. कार्य जिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने ।
९. कसैको स्वाभिमान वा अस्तित्वमा आँच आउने ब्यवहार गर्न नहुने ।
१०. विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैंगिक समानतामा आँच आउने ब्यवहार गर्न नहुने ।
११. समितिका सदस्यहरुले कुनै विषयको अध्ययन तथा अनुसन्धानको सिलसिलामा जानकारी भएको विषयमा सार्वजनिक रुपमा संचार माध्यमलाई जानकारी गराउने वा वक्तब्य दिने वा कुनै किसिमबाट सार्वजनिक गर्न पाईने छैन ।

## परिच्छेद ५
## विविध

**७. प्रचलित कानून बमोजिम हुने** : यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बाधा अड्काउ फुकाउ** : यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँसभाको निर्णय बमोजिम हुनेछ ।

**९. संशोधन तथा खारेजी :**

१. यस नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नुपरेमा गाउँसभाले निर्णय गरी आवश्यक संशोधन वा खारेज गर्न सक्नेछ ।

२. यस नियमावलीका व्यवस्थाहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ र लुम्बिनी प्रदेश सरकारको ऐन नियमावलीसँग बाझिएमा स्वतः खारेज हुनेछ ।

**आज्ञाले**

**लाल बहादुर योगी**

**प्रमुख प्रशासकिय अधिकृत**